
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६९/७० को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय




१. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.२ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०६९ साउन मसान्तमा विस्तृत मुद्रा प्रदाय २२.६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा संकुचित मुद्रा प्रदाय अघिल्लो वर्षको सोही अवधिमा ३.४ प्रतिशतले घटेको तुलनामा ४.४ प्रतिशतले घटेको छ। वार्षिक विन्दुगत आधारमा २०६९ साउन मसान्तमा यस्तो मुद्रा प्रदाय १७.२ प्रतिशतले वृद्धि भएको छ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ३ अर्ब ८५ करोड (१.० प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ८ अर्ब १० करोड (३.७ प्रतिशत) ले बढेको थियो। समीक्षा अवधिमा आयातमा उल्लेख्य वृद्धि भएकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धि कम रहन गएको हो।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा कुल आन्तरिक कर्जा ०.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.३ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०६९ साउन मसान्तमा यस्तो कर्जा ९.२ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा निजी क्षेत्र तर्फको दावीमा केही वृद्धि भएता पनि सरकारको साधन परिचालनको तुलनामा खर्च कम भई यस बैंकमा बचत कायम रही सरकार तर्फको दावी घट्न गएकोले कुल आन्तरिक कर्जामा सीमान्त कमी आएको हो। समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ०.५ प्रतिशतले बढेको छ।


### सञ्चित मुद्रा

४. समीक्षा अवधिमा सञ्चित मुद्रा ३.४ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १.६ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा भने २०६९ साउन मसान्तमा सो मुद्रा ३३.८

प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार माथिको खुद दावी घटेको तथा खुद वैदेशिक सम्पत्तिमा पनि ह्रास आएकोले सञ्चित मुद्राको विस्तारमा कमी आएको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ०.४ प्रतिशत (रु. ३ अर्ब ९८ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ०.१ प्रतिशत (रु. ४४ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.२ प्रतिशतले, विकास बैंकहरुको १.१ प्रतिशतले र वित्त कम्पनीहरुको पनि १.१ प्रतिशतले नै बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.१ प्रतिशतले बढेको थियो भने विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः २.४ प्रतिशत र २.८ प्रतिशतले घटेको थियो ।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ०.७ प्रतिशत (रु. ६ अर्ब ६७ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ०.१ प्रतिशत (रु. १ अर्ब १८ करोड) ले बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा तथा लगानी क्रमशः ०.१ प्रतिशत र १.४ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा तथा लगानी ०.१ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.१ प्रतिशत (रु. ४४.४८ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.६ प्रतिशत (रु. ४ अर्ब ११ करोड) ले घटेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये बाणिज्य बैंकहरुको कर्जा प्रवाह ०.१ प्रतिशतले घटेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह ०.८ प्रतिशतको समान दरले बढेको छ ।

७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २४ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ५० करोडले घटेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिसम्ममा कृषि क्षेत्रतर्फको कर्जा रु. २५ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. १ अर्ब ७९ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. २४ करोडले बढेको छ भने थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १ अर्ब ५९ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. २६ करोडले घटेको छ ।

### तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १५ करोड ३० लाख खरिद र १ करोड १३ लाख बिक्री गरेकोले खुद १४ करोड १७ लाख अमेरिकी डलर खरिद भई रु. १२ अर्ब ५५ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २५ करोड ६६ लाख खुद खरिद गरी रु. १८ अर्ब ३८ करोड खुद तरलता प्रवाह गरिएको थियो ।

९. समीक्षा अवधिमा अमेरिकी डलर २४ करोड बिक्री गरी रु. २१ अर्ब ३१ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २६ करोड बिक्री गरी रु. १८ अर्ब ६० करोड बरावरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग


१०. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा वाणिज्य बैंक र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ३ अर्ब ७८ करोड र रु. ८ अर्ब ४ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ४६ अर्ब ४८ करोड र २१ अर्ब ३७ करोड बराबरको कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको उपयोग भएको छैन । अघिल्लो वर्षको सोही अवधिमा रु. ३ अर्ब ९४ करोडको स्थायी तरलता सुविधा उपयोग भएको थियो । समीक्षा अवधिमा बैंकहरुको तरलताको स्थिति सुदृढ रहेकोले अन्तर-बैंक कारोबारका साथै स्थायी तरलता सुविधाको उपयोगमा कमी आएको हो ।

### अल्पकालीन ब्याजदर

११. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा अल्पकालीन ब्याजदरहरुमा उल्लेख्य कमी आएको छ । सो अनुसार ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको साउन महिनामा ३.९८ प्रतिशत रहेकोमा २०६९ साउन महिनामा ०.१८ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरु बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको साउनमा २.६९ प्रतिशत रहेको तुलनामा २०६९ साउनमा ०.४८ प्रतिशत रहेको छ भने अन्य वित्तीय संस्थाहरु बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको साउनमा १०.१२ प्रतिशत रहेको तुलनामा २०६९ साउनमा ४.८५ प्रतिशत रहेको छ ।


## धितोपत्र बजार

१२. नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा १३.५ प्रतिशतले वृद्धि भई २०६९ साउन मसान्तमा ३९८.३ बिन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा २२.६ प्रतिशतले घटी २०६८ साउन मसान्तमा ३५१.० बिन्दु कायम भएको थियो ।




१३. धितोपत्रको बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा २०.३ प्रतिशतले वृद्धि भई २०६९

साउन मसान्तमा रु. ३७६ अर्ब ३४ करोड कायम भएको छ । २०६९ साउन मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०६८/६९ को कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २४.२ प्रतिशत रहेको छ । २०६८ साउन मसान्तमा यस्तो अनुपात २२.९ प्रतिशत रहेको थियो ।




१४. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०६९ साउन मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको अंश ६७.६ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.४ प्रतिशत, होटलहरूको १.७ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.३ प्रतिशत, जलविद्युत क्षेत्रको ५.७ प्रतिशत र अन्यको २१.३ प्रतिशत रहेको छ ।


१५. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०६८ साउन मसान्तसम्ममा २०९ रहेकोमा २०६९ साउन मसान्तसम्ममा २१९ पुगेको छ । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । २०६९ साउन मसान्तसम्ममा सूचीकृत कम्पनीहरूमध्ये १८७ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक बिन्दुगत आधारमा १२.० प्रतिशतले बढी २०६९ साउन मसान्तमा रु. ११२ अर्ब २७ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । चालू आर्थिक वर्षको पहिलो महिनासम्ममा रु. ९६ करोड बरावरको साधारण शेयर, रु. ३ करोड बराबरको बोनस शेयर गरी कुल रु. ९९ करोड बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१७. आर्थिक वर्ष २०६९/७० को साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्कको वृद्धिदर १२.२ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको सूचकाङ्कमा ११.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.९ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको थियो ।




१८. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारी उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात ३०.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ३९.३ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ९.३ प्रतिशत र २०.९ प्रतिशतले वृद्धि भएको घिउ तथा तेल र चिनी तथा मिठाई उप-समूहहरुको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः २१.० प्रतिशत र १९.९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा सूर्तिजन्य पदार्थ र दलहन उप-समूहको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १७.९ प्रतिशत र १४.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सूर्तिजन्य पदार्थको मूल्य सूचकाङ्कको वृद्धिदर ११.४ प्रतिशत थियो भने दलहनको मूल्य सूचकाङ्कमा ५.३ प्रतिशतले ह्रास भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ५.८ प्रतिशतले ह्रास भएको मसला उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा पनि ०.६ प्रतिशतले ह्रास आएको छ ।

१९. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता-कपडा तथा जुत्ता-चप्पल उप-समूहको मूल्य सूचकाङ्कमा १५.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १३.० प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा यातायात र फर्निसिंग तथा घरायसी उपकरण उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १४.८ प्रतिशत र १४.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.८ प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा घरायसी उपयोगतर्फको उप-समूहहरुको मूल्य सूचकाङ्कमा ११.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा १.६ प्रतिशतले मात्र वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ४.० प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १०.७ प्रतिशतले ह्रास भएको थियो ।

२०. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी काठमाडौं उपत्यकामा १२.३ प्रतिशत, तराईमा ११.८ प्रतिशत र पहाडमा ११.५ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ६.६ प्रतिशत, ६.९ प्रतिशत र १०.३ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२१. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ११.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ५.७ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तु, आयातीत वस्तु तथा स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः १३.६ प्रतिशत, ११.४ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः १.९ प्रतिशत, ९.९ प्रतिशत र ११.५ प्रतिशतले वृद्धि भएको थियो ।




२२. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको थोक मूल्य सूचकाङ्कमा २६.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा १६.२ प्रतिशतले वृद्धि भएको थियो ।

यसैगरी अघिल्लो वर्षको सोही अवधिमा ७.९ प्रतिशतले ह्रास भएको दलहनको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा २०.३ प्रतिशतले वृद्धि भएको छ भने अघिल्लो वर्षको सोही अवधिमा ५.४ प्रतिशतले वृद्धि भएको फलफूल तथा तरकारीको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा १५.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ५.३ प्रतिशतले ह्रास भएको मसलाको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा पनि ७.८ प्रतिशतले ह्रास आएको छ ।

२३. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको निर्माण सामाग्रीको थोक मूल्य सूचकाङ्क १०.९ प्रतिशतले वृद्धि भएको छ । यसैगरी खाद्यजन्य पदार्थ र पेय तथा सुर्तीजन्य वस्तुको थोकमूल्य सूचकाङ्कमा क्रमशः ९.३ प्रतिशत र २.८ प्रतिशतले वृद्धि भएको छ ।

२४. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोईला र कपडाजन्य सामग्री उप-समूहहरुको थोकमूल्य सूचकाङ्क क्रमशः २२.१ प्रतिशत र १३.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, औषधीजन्य पदार्थ र यातायातका साधन तथा पार्टपुर्जाको थोक मूल्य सूचकाङ्कमा क्रमशः ८.२ प्रतिशत र ५.४ प्रतिशतले वृद्धि भएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२५. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ३०.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क ०.२ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क १५.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा १९.१ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा ३३.८ प्रतिशतले वृद्धि भएको थियो ।

२६. समीक्षा अवधिमा तलब अन्तर्गत सार्वजनिक संस्थानको तलव सूचकाङ्कमा ४.२ प्रतिशतले वृद्धि भएको छ भने अन्य उप-समूहको तलव सूचकाङ्कमा कुनै परिवर्तन भएको छैन । ज्यालादर अन्तर्गत औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क २०.५ प्रतिशतले, कृषि मजदुरको १३.६ प्रतिशतले र निर्माण मजदुरको १२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः २५.८ प्रतिशत, ३६.९ प्रतिशत र ३७.४ प्रतिशतले वृद्धि भएको थियो ।


## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२७. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा सरकारी बजेट रु. ९ अर्ब ३० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. १० अर्ब ९३ करोडले बचतमा थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।


* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६५ वटा मध्ये ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा मध्ये ३४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

### सरकारी खर्च




२८. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १०९.२ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च २८.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा फ्रीज खर्चमा भएको उल्लेख्य वृद्धिको कारण कुल सरकारी खर्चमा विस्तार आएको हो ।

### सरकारी राजस्व




२९. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा नेपाल सरकारको राजस्व परिचालन २७.५ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १४.१ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब १ करोड पुगेको थियो । राजस्व प्रशासनमा सुधार, कर चुहावट नियन्त्रणमा सरकारको दिगो प्रतिबद्धता एवं विप्रेषण आयमा आएको वृद्धिसँगै उपभोग र आयातमा वृद्धि हुनु आदि कारणले समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

३०. भन्सार राजस्व, आय कर, रजिष्ट्रेशन शुल्क, सवारी कर, शिक्षा सेवा कर र गैर-कर राजस्वको वृद्धिदरमा समीक्षा अवधिमा विस्तार भएको छ भने मूल्य अभिवृद्धि करको वृद्धिदरमा कमी आएको छ ।

### वैदेशिक नगद ऋण र अनुदान


३१. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. १४ करोड ४१ लाख र वैदेशिक नगद अनुदानवापत् रु. ५७ करोड ५३ लाख प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ५० करोड ९० लाख र रु. ३ अर्ब ६६ करोड प्राप्त भएको थियो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

३२. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा कुल वस्तु निर्यात १८.५ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १८.४ प्रतिशतले बढी रु. ६ अर्ब ७ करोड रहेको थियो ।

३३. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको १७.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ५.७ प्रतिशतले मात्र बढेको छ । धागो, एम.एस. पाइप, जस्तापाता लगायतको निर्यात घटेको कारण भारततर्फको निर्यातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको २०.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ४२.१ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको पहिलो महिनामा २६.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १४.४ प्रतिशले बढी अमेरिकी डलर ३ करोड ४३ लाख पुगेको छ । भारततर्फ मुख्यतयाः जी. आई. पाइप, जुट बोरा, पोलिष्टर धागो, लत्ताकपडा र अलैंचीको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी दाल, छाला र तयारी छालाका वस्तुको निर्यातमा वृद्धि भएको छ ।




३४. समीक्षा अवधिमा कुल वस्तु आयात ४३.७ प्रतिशतले बढेर रु. ४६ अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ७.१ प्रतिशतले वृद्धि भई रु. ३२ अर्ब ७० करोड रहेको थियो । भारत तथा अन्य मुलुक दुवैतर्फको आयात उच्चदरले बढेको कारण कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो ।

३५. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको पहिलो महिनाको ४.३ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ४८.१ प्रतिशतको उच्च दरले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको २९.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३७.२ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको पहिलो महिनामा ३५.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.४ प्रतिशले वृद्धि भई अमेरिकी डलर २० करोड ५६ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, रासायनिक मल, एम.एस बिलेट, हटरोल्ड शिट इन क्वाइल र धान-चामल लगायतको आयात बढेको कारण भारततर्फको अयात उच्च दरले बढेको हो । अन्य मुलुकबाट विशेषगरी पाइप तथा पाइप फिटिङ, सुन, खानेतेल, तयारी पोसाक र चाँदी लगायतको आयात बढेको कारण त्यसतर्फको आयात बढेको हो ।

३६. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ४९.४ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ७८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ४.९ प्रतिशतले मात्र बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ५८.९ प्रतिशतको उच्च दरले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ८.५ प्रतिशतले घटेको थियो । त्यस्तै, अघिल्लो वर्षको पहिलो महिनामा ३१.५ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३६.३ प्रतिशतले बढेको छ ।


३७. निर्यात-आयात अनुपात समीक्षा अवधिमा १५.३ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १८.६ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

३८. आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. ३ अर्ब ८५ करोड बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ८ अर्ब १० करोडले शोधनान्तर बचतमा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. ६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ७३ करोड बचतमा रहेको थियो । खासगरी वस्तु आयातमा भएको उल्लेख्य वृद्धिको कारण चालू खाता बचत अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत ४ करोड ३४ लाख डलर र चालू खाता बचत ६ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत ११ करोड ३४ लाख डलर र चालू खाता बचत १ करोड २ लाख डलर रहेको थियो ।

३९. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा ३.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४८.३ प्रतिशतको उच्च दरले बढी रु. ३७ अर्ब ९३ करोड पुगेको छ । समीक्षा अवधिमा खूद सेवा आय ५२.४ प्रतिशतले बढी रु. ६३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय १३५.२ प्रतिशतले बढी रु. ४१ करोड वचतमा रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको १३.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ४३.८ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ६१ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको २३.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ५४.६ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ३३ अर्ब ८१ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिको २९.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २४.४ प्रतिशतले वृद्धि भई ३८ करोड १० लाख डलर पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ४६ करोडको प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

## विदेशी विनिमय सञ्चिति




४०. २०६९ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६९ असार मसान्तको रु. ४३९ अर्ब ४६ करोडको तुलनामा १.९ प्रतिशतले वृद्धि भई रु. ४४७ अर्ब ८६ करोड पुगेको छ । २०६८ साउन मसान्तमा यस्तो सञ्चिति २०६८ असार मसान्तको तुलनामा ४.२ प्रतिशतले बढेर रु. २८३ अर्ब ७२ करोड पुगेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६९ असार मसान्तको रु. ३७५ अर्ब ५२ करोडको तुलनामा २०६९ साउन मसान्तमा ०.६ प्रतिशतले ह्रास आई रु. ३७३ अर्ब ४० करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६९ असारदेखि २०६९ साउन मसान्तसम्ममा १.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ५ अर्ब ५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २.६ प्रतिशतले बढेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०६९/७० को पहिलो महिनामा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति १.० प्रतिशतले बढेर भा.रु. ६१ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १४.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६९/७० को पहिलो महिनाको

आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.८ महिनाको वस्तु आयात र ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमयदर प्रवृत्ति

४१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६८ साउन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर १०८.८९ रहेकोमा २०६९ साउन मसान्तमा ६.१ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ११५.५१ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६८ साउन मसान्तको तुलनामा २०६९ साउन मसान्तमा ७.९ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १६०१.७५ कायम रहेको छ ।

४२. २०६९ असार मसान्तको तुलनामा २०६९ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.२ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.६ प्रतिशतले अवमूल्यन भएको थियो । २०६९ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८८.७५ पुगेको छ । २०६९ असार मसान्तमा उक्त विनिमय दर रु. ८८.६० रहेको थियो ।